# सामुदायिक फार्मासिस्ट प्रारम्भिक परियोजना – प्रायः सोधिने प्रश्नहरू

## मुत्रनलीको संक्रमण (युरिनरी ट्र्याक्ट इन्फेक्सन) (UTI) भनेको के हो?

UTI मूत्र प्रणालीको कुनै पनि भागमा हुने संक्रमण हो । मूत्र प्रणाली सामान्यतया: दुई मृगौला र मूत्रमार्ग भनिने दुई नलीहरू मिलेर बनेको हुन्छ, जसले मृगौलालाई मूत्राशयसँग जोड्छ । मूत्राशयबाट अर्को नली, यूथेरा (मूत्रमार्ग) ले शरीर बाहिर मूत्र लैजान्छ ।

संक्रमण प्रायः मूत्राशय (सिस्टिटिस) मा हुन्छ तर मूत्रमार्ग (यूथेरा), मृगौला (पाइलोनेफ्राइटिस) वा यिनीहरूको संयोजनमा पनि संक्रमण आउन सक्छ ।

मृगौलामा हुने संक्रमण देखियो भने डाक्टर वा नर्सलाई जाँच गराउनुपर्छ।

**UTI कोबारेमा थप जानकारीको लागि healthdirect मा जानुहोस्**।

## युटिआई (UTI ) का लक्षणहरू के के हुन्?

युटीआई (UTI ) भएको अवस्थामा निम्न लक्षणहरू देखिन सक्छन्:

- पिसाब फेर्दा पोल्ने वा दुख्ने
- छिटो-छिटो र तुरन्तै पिसाब लाग्ने
- मूत्राशयको क्षेत्र वरिपरि (पेटको तल्लो भागमा, नाभी मुनि) दुख्ने

**UTI कोबारेमा थप जानकारीको लागि healthdirect मा जानुहोस्**।

## सामान्य र जटिल युटिआई (UTI) बीच के भिन्नता छ?

सामान्य मुत्रनली संक्रमण सामान्यतया: स्वस्थ, गर्भवती नभएका र मुत्रनलीमा कुनै असामान्य अवस्था नभएका महिलाको शरीरमा हुन्छ। यस्ता सामान्य संक्रमणहरू मूत्र पथ (यूथेरा र मूत्राशय) को तल्लो भागमा देखिन्छन्।

यदि कुनै फार्मासिष्ट (औषधीबिज्ञ) लाई संक्रमण जटिल जस्तो लाग्छ भने बिरामीलाई उपचारको लागि डाक्टरकहाँ पठाइन्छ ।

## के म मेरो स्थानीय फार्मेसीमा उपचार गराउन योग्य छु?

फार्मेसीमा UTI को उपचारका लागि तपाईं :

- महिला (वा जैविक महिला) हुनुपर्छ ।
- १८ देखि ६५ वर्ष उमेर समूहको हुनुपर्छ ।
- निम्न लगायतका सामान्य UTI संग मिल्ने लक्षणहरु भएको:
- पिसाब फेर्दा पोल्ने वा दुख्ने, वा
- बारम्बार वा छिटो-छिटो पिसाब लाग्ने
- मूत्राशय क्षेत्र वरिपरि (पेटको तल्लो भागमा, नाभी मुनि) दुख्ने

यदि तपाईंलाई आफ्नो कुरा भन्न भाषा सहायता चाहिन्छ भने 'दोभाषे चाहिन्छ' भनेर आफ्नो फार्मासिष्टलाई भन्नुहोस् ।

## मैले परीक्षण परियोजनामा संलग्न फार्मासिष्टलाई कहाँ भेट्न सक्छु?

परियोजनामा सहभागी फार्मेसीहरूको बारेमा जानकारी स्वास्थ्य विभागको वेबसाइटमा उपलब्ध छ । आफ्नो स्थानीय फार्मेसीलाई तपाईंले पहिले नै फोन गरेर उनीहरूले सेवा प्रदान गर्छन् कि गर्दैनन् भन्नेबारे सोध्न सक्नुहुन्छ । यदि उनीहरूले सेवा प्रदान गर्दैनन् भने उनीहरूले तपाईंलाई वैकल्पिक हेरचाह प्रदायकहरूको जानकारी दिन सक्छन् ।

## यदि म मेरो स्थानीय फार्मेसीमा उपचार गराउन योग्य छैन भने के हुन्छ ?

त्यस्तो अवस्थामा, तपाईंका फार्मासिष्टले सही समयमा सही उपचारको सुनिश्चितताका लागि तपाईंलाई तपाईंको डाक्टर (GP) वा अन्य स्वास्थ्यकर्मीलाई  रिफर गर्न आवश्यक हुन्छ । आपतकालीन अवस्थामा, फार्मासिष्टले तपाईंलाई आकस्मिक विभागमा पनि पठाउन सक्छन् ।

## मेरो स्थानीय फार्मेसीले UTI का लागि एन्टिबायोटिक दिन सक्दैन - किन ?

परीक्षण परियोजनामामा फार्मासिस्टको सहभागिता स्वैच्छिक हो । तसर्थ, सबै फार्मासिष्टहरूले सल्लाह वा उपचार प्रदान गर्ने छैनन् ।

फार्मासिष्टहरूले पनि यो सेवा प्रदान गर्नु अघि उपयुक्त तालिम पूरा गर्नुपर्छ ।

परीक्षण बाहिर, फार्मासिष्टहरूले UTI का लागि पीडा कम गर्ने विकल्पहरु र आवश्यक परेमा उपयुक्त रेफरलको बारेमा सल्लाह प्रदान गर्न सक्छन् ।

## के फार्मासिष्टहरू औषधि सिफारिस गर्न योग्य छन्? के उनीहरूसँग मलाई मद्दत गर्न उपयुक्त तालिम छ?

परीक्षणमा भाग लिइरहेका फार्मासिष्टहरूले युटिआई (UTI) का लागि औषधि आपूर्ति गर्न थप तालिम पाएका छन् ।

सहभागी फार्मासिष्टहरूलाई कस्तो बिरामीलाई उपचार गर्न सकिन्छ र कसलाई उनीहरूले डाक्टर (GP) वा आपतकालीन विभागमा पठाउनुपर्छ भनेर मार्गदर्शन र प्रकृया उपलब्ध गरिनेछ ।

## परीक्षण परियोजना किन तास्मानियामा चलिरहेको छ?

केही अवस्थाहरूमा फार्मासिस्टले सिफारिस गर्दा रोगको प्राथमिक उपचार हुनसक्छ र लक्षणहरू तथा संकट कम गर्न मद्दत गर्न सक्छ, साथै यो सुनिश्चित गर्न पनि महत्त्वपूर्ण छ कि व्यक्ति तथा जनसमुदायका लागि कुनै पनि जोखिमहरू लाभहरुसंग सन्तुलित छन् । हाल अष्ट्रेलियाका अन्य भागहरूमा परीक्षण तथा पाइलट परियोजनाहरू सञ्चालन भइरहेका छन् ।

## परीक्षण परियोजना कति समयसम्म चल्नेछ?

परीक्षण परियोजना १२ महिनासम्म चल्नेछ । परीक्षण परियोजनाको अन्त्यतिर, सेवामा पहुँच सम्बन्धि मूल्यांकनका निम्ति स्वास्थ्य विभाग र तस्मानिया सरकारको लागि एक प्रतिवेदन तयार गरिनेछ ।

## म यस परीक्षण परियोजनासँग सम्बन्धित मेरो सुरक्षा वा हेरचाहको बारेमा कसरी मेरो चासो या चिन्ताका

फार्मासिष्टले तपाईंलाई तपाईंको परामर्शको हिस्साको रूपमा सहभागी जानकारी पत्र प्रदान गर्नेछ । तपाईंले फार्मेसीमा सिधै आफ्ना चासोहरु राख्न सक्नुहुन्छ । यदि तपाईं उनीहरूको प्रतिक्रियाबाट असन्तुष्ट हुनुहुन्छ वा तपाईंलाई फार्मेसीमा सिधै सम्पर्क गर्नु अनुपयुक्त छ जस्तो लाग्छ भने, तपाईंले AHPRA वा तस्मानियाका स्वास्थ्य उजुरी आयुक्त (Tasmanian Health Complaints Commissioner) लाई रिपोर्ट गर्न सक्नुहुन्छ ।

## परीक्षण परियोजनामा भाग लिन चाहेमा मैले कुन व्यक्तिगत जानकारी प्रदान गर्नुपर्नेछ? यसलाई कसरी प्रयोग

फार्मासिष्टबाट उपचार प्राप्त गर्न तपाईंले आफ्नो नाम, जन्म मिति, सम्पर्क विवरण र यदि तपाईंसँग छ भने, डाक्टर (GP) को नाम प्रदान गर्नुपर्नेछ ।

तपाईंले फार्मासिष्टसँग परामर्श लिएको सात दिन पछि स्वास्थ्य विभागबाट स्वैच्छिक अनुगमन सर्वेक्षण प्राप्त गर्न पनि आफ्नो सहमति दिन आवश्यक हुनेछ ।

परीक्षण परियोजनाको कुनै पनि रिपोर्टमा तपाईंको पहिचान नखुल्नेगरी जानकारी राखिनेछ।

तपाईंले प्रदान गर्नुभएको व्यक्तिगत जानकारी तपाईंको फार्मासिष्ट र स्वास्थ्य विभागद्वारा सुरक्षित रूपमा राखिनेछ ।

## जाँच तथा उपचारमा कति खर्च हुनेछ?

तपाईंलाई सिफारिस गरिएको जुनसुकै औषधिको लागि शुल्क लाग्नेछ । त्यहाँ परामर्श शुल्क पनि हुन सक्छ । तपाईंको जाँच गर्नु अघि तपाईंको फार्मासिष्टले तपाईंलाई सम्भावित खर्चको बारेमा जानकारी प्रदान गर्नेछन् ।